# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission, Nepal**
**केन्द्रिय कार्यालय Central Office**
**हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal**


## सत्यको निरुपण गरौ, दण्डहीनता अन्त्य गरौं !

### प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०६८ चैत २०

संविधान सभाको कार्याविधि सम्बन्धमा सम्मानित सर्वोच्च अदालत हालसालै गरेको फैसला पश्चात शान्ति र संविधान निर्माणको पक्षमा राष्ट्रिय राजनीतिक वृत्तमा देखापरेका संवाद र सहमतिको वातावरणलाई आयोगले सकारात्मक रुपमा लिएको छ ।

सोही परिप्रेक्ष्यमा सशस्त्र द्वन्द्वकालीन घटनाहरुलाई संबोधन गर्न विस्तृत शान्ति सम्झौतामा उल्लेखित प्रावधान अनुसार ढिलै भए पनि 'सत्य निरुपण आयोग' र 'व्यक्ति बेपत्ता छानबिन आयोग' बनाउन गरिएका पछिल्ला प्रयत्नहरुलाई आयोग हार्दिक स्वागत गर्दछ । यस्ता आयोगहरुको स्वतन्त्रता, निष्पक्ष र सक्षम हुनुपर्छ भन्ने विषयमा यसअघि नै आयोगले आफ्ना सुस्पष्ट धारणा नेपाल सरकार र राजनीतिक पार्टीहरु समक्ष प्रस्तुत गरी सार्वजनिक गरिसकेको सर्वविदित्तै नै छ ।

सशस्त्र द्वन्द्वकालीन समयमा घटेका मानवअधिकार र मानवता विरुद्धका वारदातहरुलाई गम्भीरताका साथ अध्ययन अनुसन्धान गरी समाजमा पीडितलाई न्याय, पीडकलाई कानूनी कारवाही र राजनीतिक विषयवस्तुहरुमा मेलमिलाप गर्ने उद्देश्यको लागि स्वतन्त्र र अधिकार सम्पन्न आयोगहरु गठन गर्नु संक्रमणकालीन न्यायको दृष्टिकोणले महत्वपूर्ण छ । तर यी आयोगहरुले सत्य निरुपण गर्नु अघि सरकारले एकपक्षीय रुपमा मुद्दाहरु फिर्ता लिने र आरोपीहरुलाई आममाफी दिनेजस्ता क्रियाकलाप गर्नु मानवअधिकार र पीडित न्याय विपरीत कुरा हुन् ।

राष्ट्रिय मानवअधिकार आयोगले मानवअधिकारको सम्मान, संरक्षण र पालना गर्न आफ्नो संवैधानिक दायित्व अनुसार सशस्त्र द्वन्द्वकालीन समयका ठुलो संख्याका उजुरीहरुउपर अध्ययन, अनुगमन र अनुसन्धान गरी पीडितलाई राहत-परिपूरण-क्षतिपूर्ति र पीडकलाई कारवाही गर्न नेपाल सरकार समक्ष सिफारिश गरिसकेको छ । तर गम्भीर प्रकृतिका मानवअधिकार हनन् र मानवता विरुद्धको अपराधका घटनाक्रमहरुमा सत्य निरुपण, अभियोजन र पीडितको स्विकृति बेगर मेलमिलापलाई राजनीतिक तहमा मात्रै 'बिर्स र माफी देऊ' को मान्यता स्थापित भएमा भविष्यको निम्ति गम्भीर भूल हुनेछ ।

तसर्थ, नेपाल सरकार र नेकपा (माओवादी) बीच २०६३ साल मंसिर ५ गते सम्पन्न विस्तृत शान्ति सम्झौतापछि बेला-बेलामा नेपाल सरकारद्वारा फिर्ता लिएका फौजदारी प्रकृतिका मुद्दाहरुमध्ये राजनीतिक कारणले लगाइएका मुद्दा र झूठा मुद्दा छुट्याई मानवता विरुद्धका अपराध र मानव अधिकारको गम्भीर उल्लंघनका विषयमा समेत क्षेत्राधिकार हुने गरी उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोग गठनका लागि विधेयक प्रस्तुत गर्न नेपाल सरकारसंग आयोग आग्रह गर्दछ । देशमा मानवअधिकार सम्मत शान्ति, संविधान र मेलमिलापको वातावरण सृजना गर्न र दण्डहीनताको संस्कृति अन्त्य गर्न आयोगको भूमिका सधैं सकारात्मक र जागरुक रहिरहने छ भनी सवै सराकारवाला पक्षहरुलाई आयोग आश्वस्त गर्न चाहन्छ ।

...........................

विशाल खनाल

सचिव


**फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल**
**Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,**
**e mail: nhrc@nhrcnepal.org, website www.nhrcnepal.org**